# स्थानीय राजपत्र

सिलीचोङ गाउँपालिकाद्वारा प्रकाशित

खण्डः १० संख्याः २१ मितिः २०८३ साल भदौ १६ गते

## भाग-एक

## सिलीचोङ गाउँपालिका, ताम्कु, संखुवासभाको सूचना

सिलीचोङ गाउँपालिकाको पूर्वाधार विकास (योजना सञ्चालन तथा व्यवस्थापन) ऐन, २०८३ को दफा ९७ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको विधान सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

## सिलीचोङ गाउँपालिका टोल विकास संस्था विधान, २०८३

**प्रस्तावना :** सिलीचोङ गाउँपालिकाभित्रका टोल तथा बस्तीमा रहेका स्थानीय नागरिकहरूलाई संगठित गरी स्थानीय विकासमा जनसहभागिता अभिवृद्धि गर्ने, टोलको सामाजिक, आर्थिक, सांस्कृतिक, वातावरणीय तथा भौतिक विकासमा स्थानीय स्रोत, साधन, सीप र जनशक्तिको परिचालन गर्ने, विकास निर्माणका योजना तथा कार्यक्रमको पहिचान, प्राथमिकता निर्धारण, कार्यान्वयन, अनुगमन तथा संरक्षणमा समुदायको सहभागिता सुनिश्चित गर्ने, सार्वजनिक सम्पत्तिको संरक्षण तथा सरसफाइ र वातावरण संरक्षण गर्ने, टोलवासी बीच आपसी सहयोग, सद्भाव र एकता कायम गर्ने

तथा सिलीचोङ गाउँपालिका र स्थानीय नागरिकबीच समन्वय तथा सहकार्यलाई प्रभावकारी बनाउने उद्देश्यले **सिलीचोङ गाउँपालिकाको पूर्वाधार विकास (योजना सञ्चालन तथा व्यवस्थापन) ऐन, २०८३** तथा अन्य प्रचलित कानूनको अधीनमा रही यो विधान बनाइएको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

### दफा १. संक्षिप्त नाम र प्रारम्भ

(१) यस विधानको नाम **"सिलीचोङ गाउँपालिका टोल विकास संस्था विधान, २०८३"** रहनेछ ।

(२) यो विधान सिलीचोङ गाउँपालिकाबाट स्वीकृत भई सम्बन्धित टोल विकास संस्था दर्ता भएको मितिदेखि लागू हुनेछ ।

(३) यस विधान बमोजिम गठन हुने प्रत्येक टोल विकास संस्थाले आफ्नो टोलको नाम उल्लेख गरी यस विधानलाई आधार मानी संस्था सञ्चालन गर्नेछ ।

---

### दफा २. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा–

(क) **"गाउँपालिका"** भन्नाले सिलीचोङ गाउँपालिका, संखुवासभालाई सम्झनुपर्छ ।

(ख) **"वडा"** भन्नाले सिलीचोङ गाउँपालिकाभित्रको सम्बन्धित वडा सम्झनुपर्छ ।

(ग) **"वडा कार्यालय"** भन्नाले सिलीचोङ गाउँपालिकाको सम्बन्धित वडा कार्यालय सम्झनुपर्छ ।

(घ) **"टोल विकास संस्था"** भन्नाले वडा कार्यालयले तोकेको चार किल्लाभित्रका टोलवस्तीका सम्पूर्ण घरधुरी समावेश हुने गरी एक घर एक सदस्यको आधारमा स्थानीय नागरिकहरूको आम भेलाबाट गठन भएको सामुदायिक संस्थालाई सम्झनुपर्छ ।

(ङ) **"सदस्य"** भन्नाले टोल विकास संस्थाको कार्यक्षेत्रभित्र बसोबास गर्ने घरधुरीबाट कायम गरिएको प्रतिनिधिलाई सम्झनुपर्छ ।

(च) **"साधारण सभा"** भन्नाले टोल विकास संस्थाका सदस्यहरूको आम भेला सम्झनुपर्छ ।

(छ) **"कार्यसमिति"** भन्नाले साधारण सभाबाट निर्वाचित टोल विकास संस्था सञ्चालन गर्ने समिति सम्झनुपर्छ ।

(ज) **"निर्माण समिति"** भन्नाले कुनै निश्चित भौतिक आयोजना सञ्चालन गर्न प्रत्यक्ष लाभान्वित समुदायको आम भेलाबाट यस विधान तथा प्रचलित कानूनबमोजिम गठन भएको समिति सम्झनुपर्छ ।

(झ) **"आयोजना"** भन्नाले सिलीचोङ गाउँपालिका वा सम्बन्धित निकायबाट स्वीकृत विकास योजना, कार्यक्रम वा भौतिक पूर्वाधार निर्माणसम्बन्धी कार्य सम्झनुपर्छ ।

(ञ) **"विधान"** भन्नाले सिलीचोङ गाउँपालिका टोल विकास संस्था विधान, २०८३ सम्झनुपर्छ ।

---

## दफा ३. नाम, ठेगाना र कार्यक्षेत्र

(१) संस्थाको नाम **"........................................................ टोल विकास संस्था"** रहनेछ ।

(२) संस्थाको ठेगाना देहायबमोजिम हुनेछ–

**सिलीचोङ गाउँपालिका–वडा नं. .......,**

**.................................................... टोल,**

**संखुवासभा, कोशी प्रदेश, नेपाल।**

(३) संस्थाको कार्यक्षेत्र सम्बन्धित वडा कार्यालयले निर्धारण गरेको चार किल्लाभित्र सीमित रहनेछ।

(४) संस्थाको चार किल्ला अनुसूची–१ मा उल्लेख गरिनेछ।

---

## दफा ४. संस्थाको प्रकृति

(१) संस्था गैरनाफामूलक, गैरराजनीतिक, सामुदायिक तथा जनसहभागितामूलक संस्था हुनेछ।

(२) संस्थाको सम्पत्ति तथा आम्दानी कुनै पदाधिकारी वा सदस्यको व्यक्तिगत लाभका लागि प्रयोग गर्न पाइने छैन।

(३) संस्था नेपालको संविधान, संघीय तथा प्रदेश कानून, सिलीचोङ गाउँपालिकाका प्रचलित ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड, निर्णय तथा यस विधानको अधीनमा रही सञ्चालन हुनेछ।

---

# परिच्छेद–२

# उद्देश्य, काम, कर्तव्य र अधिकार

## दफा ५. संस्थाका उद्देश्य

संस्थाका उद्देश्य देहायबमोजिम हुनेछन्–

(क) टोलवासीबीच आपसी सहयोग, सद्भाव, एकता र सामाजिक समन्वय कायम गर्ने।

(ख) टोलको सामाजिक, आर्थिक, सांस्कृतिक तथा भौतिक विकासमा जनसहभागिता अभिवृद्धि गर्ने ।

(ग) टोलको आवश्यकता पहिचान गरी विकास योजनाको प्राथमिकता निर्धारण गर्ने ।

(घ) सिलीचोङ गाउँपालिका तथा सम्बन्धित वडा कार्यालयसँग समन्वय गरी विकास कार्यक्रम सञ्चालन गर्न सहयोग गर्ने ।

(ङ) स्थानीय पूर्वाधार निर्माण, सञ्चालन, व्यवस्थापन तथा मर्मतसम्भारमा सहयोग गर्ने ।

(च) सार्वजनिक जग्गा, बाटो, भवन, खानेपानीका मुहान, पोखरी तथा अन्य सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने ।

(छ) टोलमा सरसफाइ तथा वातावरण संरक्षणका कार्यक्रम सञ्चालन गर्ने ।

(ज) स्थानीय स्रोत, साधन, सीप तथा जनशक्तिको अधिकतम उपयोग गर्ने ।

(झ) स्थानीय आर्थिक तथा उद्यम विकाससम्बन्धी कार्यक्रम सञ्चालनमा सहयोग गर्ने ।

(ञ) भवन निर्माण मापदण्ड तथा राष्ट्रिय भवन संहिताको पालना गर्न टोलवासीलाई प्रोत्साहित गर्ने ।

(ट) शिक्षा, स्वास्थ्य, खोप, साक्षरता, सरसफाइ तथा सामाजिक अभियानमा सहयोग गर्ने ।

(ठ) घरेलु हिंसा, लैङ्गिक हिंसा, मानव बेचबिखन, बालश्रम तथा अन्य सामाजिक विकृति न्यूनीकरण गर्न सहयोग गर्ने ।

(ड) महिला, दलित, आदिवासी जनजाति, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अन्य समुदायको समान सहभागिता सुनिश्चित गर्ने ।

## दफा ६. संस्थाका काम, कर्तव्य र अधिकार

संस्थाले देहायका काम गर्नेछ–

(क) टोलको आवश्यकता पहिचान गर्ने ।

(ख) विकास योजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण गर्ने ।

(ग) सम्बन्धित वडा कार्यालय तथा सिलीचोङ गाउँपालिकामा योजना तथा कार्यक्रम पेश गर्ने ।

(घ) विकास निर्माणका काममा जनसहभागिता जुटाउने ।

(ङ) टोलमा सञ्चालन भएका योजना तथा कार्यक्रमको अनुगमन गर्ने ।

(च) निर्माण भएका पूर्वाधारको संरक्षण तथा मर्मतसम्भारमा सहयोग गर्ने ।

(छ) सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने ।

(ज) टोल सरसफाइ तथा वातावरण संरक्षण गर्ने ।

(झ) स्थानीय आर्थिक तथा उद्यम विकासका कार्यक्रम सञ्चालनमा सहयोग गर्ने ।

(ञ) सिलीचोङ गाउँपालिका, वडा कार्यालय तथा अन्य सरकारी तथा गैरसरकारी निकायसँग समन्वय गर्ने ।

(ट) सामाजिक, आर्थिक, भौतिक तथा मानवीय विकाससम्बन्धी अन्य कार्य गर्ने ।

---

# परिच्छेद–३

# सदस्यता

## दफा ७. सदस्यता

(१) टोल विकास संस्थाको कार्यक्षेत्रभित्रका सम्पूर्ण घरधुरी एक घर एक सदस्यको आधारमा संस्थाका साधारण सदस्य हुनेछन् ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(२) प्रत्येक घरधुरीले आफ्नो प्रतिनिधिका रूपमा एक जना सदस्य तोक्नुपर्नेछ।

(३) नयाँ घरधुरी थप भएमा त्यस्तो घरधुरीबाट एक जना सदस्य कायम गरिनेछ।

(४) सदस्यको विवरण संस्थाको सदस्यता दर्ता किताबमा राखिनेछ।

(५) बसाइँसराइ, मृत्यु वा अन्य कारणले सदस्य परिवर्तन भएमा अभिलेख अद्यावधिक गर्नुपर्नेछ।

## दफा ८. सदस्यको अधिकार

सदस्यलाई देहायका अधिकार हुनेछन्–

(क) साधारण सभामा सहभागी हुने।

(ख) संस्थाको योजना तथा कार्यक्रमबारे जानकारी प्राप्त गर्ने।

(ग) विधानबमोजिम मतदान गर्ने।

(घ) कार्यसमितिमा निर्वाचित हुन पाउने।

(ङ) संस्थाको आर्थिक तथा कार्यक्रमगत विवरण हेर्न पाउने।

(च) संस्थाको काममा सुझाव तथा गुनासो राख्न पाउने।

## दफा ९. सदस्यको कर्तव्य

(क) विधान तथा संस्थाका निर्णयको पालना गर्ने।

(ख) संस्थाका कार्यक्रम तथा अभियानमा सहभागी हुने।

(ग) सार्वजनिक तथा संस्थाको सम्पत्तिको संरक्षण गर्ने।

(घ) विकास निर्माणका कार्यमा सहयोग गर्ने।

(ङ) संस्थाको हितविपरीत कार्य नगर्ने।

# परिच्छेद–४

## संस्था गठन तथा साधारण सभा

### दफा १०. टोल विकास संस्था गठन

(१) वडा तहमा भौगोलिक तथा सामाजिक सामीप्यताको आधारमा सम्बन्धित वडा कार्यालयले तोकेको चार किल्लाभित्रका टोलवस्तीका घरधुरी समावेश हुने गरी स्थानीय नागरिकहरूको आम भेलाबाट टोल विकास संस्था गठन गरिनेछ।

(२) टोल विकास संस्था गठन गर्दा एक घर एक सदस्यको अवधारणा लागू हुनेछ।

(३) टोल विकास संस्था गठन तथा साधारण सभा गर्दा कम्तीमा ८० प्रतिशत घरधुरी सदस्यको उपस्थिति हुनुपर्नेछ।

(४) टोल विकास संस्था गठन गर्दा सामाजिक, भौगोलिक तथा समावेशी सन्तुलन कायम गरी अनुसूची–२,३ र ६ मा उल्लेख भए बमोजिम गर्नुपर्नेछ।

---

### दफा ११. साधारण सभा

(१) साधारण सभा संस्थाको सर्वोच्च निकाय हुनेछ ।

(२) साधारण सभा कम्तीमा वर्षमा एक पटक बस्नेछ ।

(३) आवश्यकता अनुसार विशेष साधारण सभा बोलाउन सकिनेछ ।

(४) साधारण सभाको सूचना कम्तीमा सात दिन अगावै सदस्यलाई दिनुपर्नेछ ।

(५) साधारण सभाको अध्यक्षता अध्यक्षले गर्नेछ ।

(६) अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र दुवैको अनुपस्थितिमा सभाले तोकेको सदस्यले सभा सञ्चालन गर्नेछ ।

## दफा १२. साधारण सभाको काम, कर्तव्य र अधिकार

साधारण सभाले–

(क) वार्षिक नीति तथा कार्यक्रम पारित गर्ने ।

(ख) वार्षिक बजेट पारित गर्ने ।

(ग) कार्यसमितिको निर्वाचन गर्ने ।

(घ) वार्षिक प्रगति प्रतिवेदन पारित गर्ने ।

(ङ) आर्थिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन अनुमोदन गर्ने ।

(च) विधान संशोधनसम्बन्धी प्रस्ताव पारित गर्ने ।

(छ) महत्वपूर्ण योजना तथा कार्यक्रम स्वीकृत गर्ने ।

(ज) कार्यसमितिलाई आवश्यक निर्देशन दिने ।

(झ) संस्थाको दीर्घकालीन विकाससम्बन्धी निर्णय गर्ने ।

# परिच्छेद–५

# कार्यसमिति

## दफा १३. कार्यसमितिको गठन

(१) संस्थाको दैनिक कार्य सञ्चालनका लागि देहायबमोजिम कार्यसमिति रहनेछ–

१. अध्यक्ष – १ जना

२. उपाध्यक्ष – १ जना

३. सचिव – १ जना

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

४. सहसचिव — १ जना

५. कोषाध्यक्ष – १ जना

६. सदस्य – (२-६) जना

(२) कार्यसमिति साधारण सभाबाट निर्वाचित हुनेछ ।

(३) कार्यसमिति गठन गर्दा समावेशी सिद्धान्त अवलम्बन गरिनेछ ।

(४) कार्यसमितिमा कम्तीमा ३३ प्रतिशत महिला सदस्य हुनुपर्नेछ ।

(५) अध्यक्ष, सचिव वा कोषाध्यक्षमध्ये कुनै एक पदमा अनिवार्य रूपमा महिला चयन गर्नुपर्नेछ ।

(६) कार्यसमितिको कार्यकाल ३ (तीन) वर्षको हुनेछ ।

(७) कार्यसमितिको कार्यकाल समाप्त हुनुअघि नयाँ कार्यसमिति गठन गर्नुपर्नेछ ।

---

## दफा १४. अध्यक्षको काम, कर्तव्य र अधिकार

(क) संस्थाको नेतृत्व गर्ने ।

(ख) संस्थाको नियमित बैठक बोलाउने ।

(ग) बैठकको मिति, समय र स्थान तोक्ने ।

(घ) साधारण सभा तथा कार्यसमितिको बैठकको अध्यक्षता गर्ने ।

(ङ) संस्थाका निर्णय कार्यान्वयन गराउने ।

(च) सिलीचोङ गाउँपालिका तथा वडा कार्यालयसँग संस्थाको प्रतिनिधित्व गर्ने ।

(छ) आवश्यकता अनुसार विशेष बैठक बोलाउने ।

---

## दफा १५. उपाध्यक्षको काम, कर्तव्य र अधिकार

(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने कार्य गर्ने।

(ख) अध्यक्षलाई संस्थाको कार्यमा सहयोग गर्ने ।

(ग) कार्यसमितिले दिएको अन्य जिम्मेवारी पूरा गर्ने ।

---

## दफा १६. सचिवको काम, कर्तव्य र अधिकार

(क) अध्यक्षको निर्देशनमा बैठक बोलाउने ।

(ख) छलफलका प्रस्ताव सङ्कलन गरी बैठकमा पेश गर्ने ।

(ग) बैठकको निर्णय लेखी प्रमाणित गर्ने ।

(घ) संस्थाको गतिविधिबारे सदस्यलाई जानकारी गराउने ।

(ङ) संस्थाका पत्राचार तथा अभिलेख व्यवस्थापन गर्ने ।

---

## दफा १७. सह सचिवको काम, कर्तव्य र अधिकार

(क) सचिवलाई संस्थाको प्रशासनिक तथा कार्यालय सञ्चालनसम्बन्धी कार्यमा सहयोग गर्ने ।

(ख) कार्यसमिति तथा साधारण सभाका बैठकको सूचना, कार्यसूची तथा आवश्यक कागजात तयार गर्न सचिवलाई सहयोग गर्ने ।

(ग) बैठकका निर्णय तथा संस्थाका महत्वपूर्ण अभिलेख व्यवस्थित रूपमा राख्न सचिवलाई सहयोग गर्ने ।

(घ) संस्थाका पत्राचार, सूचना, प्रतिवेदन तथा अन्य आवश्यक कागजात तयार गर्न सहयोग गर्ने ।

(ङ) संस्थाका योजना, कार्यक्रम तथा गतिविधिको अभिलेख अद्यावधिक राख्न सहयोग गर्ने ।

(च) सचिवको अनुपस्थितिमा अध्यक्षको निर्देशनमा सचिवले गर्ने कार्य सम्पादन गर्ने ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(छ) संस्थाका निर्णय कार्यान्वयन तथा सूचना सम्प्रेषणमा सहयोग गर्ने ।

(ज) सिलीचोङ गाउँपालिका, सम्बन्धित वडा कार्यालय तथा अन्य सम्बन्धित निकायसँग आवश्यक सूचना तथा समन्वयसम्बन्धी कार्यमा सचिवलाई सहयोग गर्ने ।

(झ) संस्थाको अभिलेख, कागजात तथा सूचना सुरक्षित राख्न सहयोग गर्ने ।

(ञ) कार्यसमितिले तोकेको अन्य आवश्यक जिम्मेवारी पूरा गर्ने ।

(ट) संस्थाको हित, उद्देश्य तथा प्रचलित कानूनको अधीनमा रही आफ्नो जिम्मेवारी इमानदारीपूर्वक निर्वाह गर्ने ।

## दफा १८. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार

(क) संस्थाको आम्दानी तथा खर्चको हिसाब राख्ने ।

(ख) बैंक खाता सञ्चालनमा आवश्यक भूमिका निर्वाह गर्ने ।

(ग) संस्थाको नगद तथा जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

(घ) आर्थिक विवरण तयार गर्ने ।

(ङ) गाउँपालिकाबाट प्राप्त अनुदानहरु नियमानुसार खर्च तथा समितिको बैठकमा अनुमोदन गर्ने ।

(च) लेखापरीक्षणका लागि आवश्यक कागजात तयार गर्ने ।

## दफा १९. सदस्यको काम, कर्तव्य र अधिकार

(क) कार्यसमितिको बैठकमा उपस्थित हुने ।

(ख) छलफलमा सक्रिय सहभागिता जनाउने ।

(ग) संस्थाका निर्णय कार्यान्वयनमा सहयोग गर्ने ।

(घ) आफूलाई दिइएको जिम्मेवारी पूरा गर्ने ।

---

## परिच्छेद–६
## बैठक तथा निर्णय

### दफा १९. कार्यसमितिको बैठक

(१) कार्यसमितिको बैठक कम्तीमा महिनामा एक पटक बस्नेछ ।

(२) आवश्यकता अनुसार थप बैठक बस्न सकिनेछ ।

(३) बैठक अध्यक्षले बोलाउनेछ ।

(४) अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले बैठक बोलाउन सक्नेछ ।

(५) कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ ।

(६) बैठकका निर्णय उपस्थित सदस्यको बहुमतबाट गरिनेछ ।

(७) मत बराबर भएमा अध्यक्षको मत निर्णायक हुनेछ ।

(८) बैठकको निर्णय माइन्युटमा उल्लेख गरी उपस्थित सदस्यबाट हस्ताक्षर गराउनु पर्नेछ ।

---

## परिच्छेद–७
## योजना तथा विकास कार्यक्रम

### दफा २०. योजना छनोट तथा प्राथमिकता

(१) टोलको आवश्यकता, समस्या र प्राथमिकताका आधारमा योजना छनोट गरिनेछ ।

(२) योजना छनोट गर्दा खानेपानी, सडक, बाटो, सिंचाइ, नाली, सरसफाइ, सार्वजनिक भवन, शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण तथा विपद् व्यवस्थापनसम्बन्धी कार्यलाई प्राथमिकता दिन सकिनेछ ।

(३) योजना तर्जुमा गर्दा लाभग्राही, लागत, स्रोत, जनसहभागिता तथा मर्मतसम्भारको व्यवस्था स्पष्ट गर्नुपर्नेछ ।

---

**दफा २१. योजना कार्यान्वयन**

(१) सिलीचोङ गाउँपालिकाबाट स्वीकृत तथा सम्झौता भएका योजना तथा कार्यक्रम प्रचलित कानूनबमोजिम कार्यान्वयन गरिनेछ ।

(२) सिलीचोङ गाउँपालिकाको प्रचलित ऐनमा तोकिएको सीमाभित्रका आयोजना टोल विकास संस्था तथा निर्माण समितिमार्फत सञ्चालन गर्न सकिनेछ ।

(३) योजना कार्यान्वयन गर्दा स्वीकृत लागत अनुमान, सम्झौता, डिजाइन, ड्रइङ, स्पेसिफिकेसन तथा प्राविधिक मापदण्डको पालना गर्नुपर्नेछ ।

---

## परिच्छेद–८

## निर्माण समिति गठन तथा सञ्चालन सम्बन्धी व्यवस्था

**दफा २२. निर्माण समिति गठन**

(१) टोल विकास संस्थाले कुनै भौतिक निर्माणको कार्य गर्नुपर्ने भएमा सम्बन्धित आयोजनाबाट प्रत्यक्ष लाभान्वित समुदायको आम भेलाबाट निर्माण समिति गठन अनुसूची–४ मा उल्लेख भए बमोजिम गर्नुपर्नेछ ।

(२) निर्माण समिति सम्बन्धित आयोजना सञ्चालन हुने स्थानमै अधिकतम लाभग्राहीको सहभागितामा गठन गर्नुपर्नेछ ।



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(३) निर्माण समितिमा तीन देखि सात जना सदस्य रहने छन् ।

(४) निर्माण समिति गठन गर्दा समावेशी सिद्धान्त अवलम्बन गर्नुपर्नेछ ।

(५) निर्माण समिति गठन गर्दा महिला, दलित, आदिवासी जनजाति तथा अन्य समुदायको आवश्यक प्रतिनिधित्व सुनिश्चित गर्नुपर्नेछ ।

(६) एउटै परिवारबाट एक जनाभन्दा बढी व्यक्ति एउटै निर्माण समितिको सदस्य हुन पाउने छैन ।

(७) निर्माण समिति गठन गर्दा सकेसम्म सर्वसम्मतिबाट गठन गर्नुपर्नेछ ।

(८) सर्वसम्मति हुन नसकेमा प्रत्यक्ष लाभग्राही उपभोक्ताहरूको बहुमतबाट निर्माण समिति गठन गर्न सकिनेछ ।

(९) उपभोक्ताको लागत सहभागितामा सञ्चालन हुने आयोजनालाई निर्माण समिति मार्फत कार्यान्वयन गर्न प्राथमिकता दिइनेछ ।

(१०) टोल विकास संस्थाले सम्झौता बमोजिम गर्नुपर्ने काम निर्माण समिति मार्फत अनुसूची – ८ मा उल्लेख बमोजिम गर्नसक्नेछ ।

(११) निर्माण समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम अन्य कुनै निर्माण व्यवसायी, व्यक्ति वा संस्थालाई ठेक्कामा दिई गराउन पाउने छैन ।

(१२) निर्माण समिति गठन सम्बन्धी निर्णय आम भेलाको माइन्युटमा स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ ।

(१३) स्थानीय आम उपभोत्ताहरुको चाहना र सहजताकाको हिसावले सार्वजनिक खरीद ऐन २०६३ दफा ४४, सार्वजनिक खरिद नियमावलीको दफा ९७ तथा सिलीचोङ गाउँपालिका उपभोत्ता समिति मार्फत योजना तथा कार्यक्रम सम्बन्धी कार्य सञ्चालन विधि २०८३ बमोजिम गर्न सक्नेछ ।

## दफा २३. निर्माण समितिको संरचना

निर्माण समितिमा देहायका पदाधिकारी रहनेछन्–

(क) अध्यक्ष – १ जना

(ख) सचिव – १ जना

(ग) कोषाध्यक्ष – १ जना

(घ) सदस्य – आवश्यकतानुसार राख्न सकिने छ ।

समिति गठन गर्दा लाभान्वित समुदायका अनिवार्य ३३ प्रतिशत र अध्यक्ष, सचिव र कोषाध्यक्षा मध्ये १ मा महिला हुनुपर्नेछ ।

---

## दफा २४. निर्माण समितिको कार्यकाल

(१) निर्माण समितिको कार्यकाल सम्बन्धित आयोजना सम्पन्न नभएसम्म कायम रहनेछ ।

(२) आयोजना सम्पन्न भएपछि निर्माण समितिले आफ्नो काम, आय–व्यय तथा आयोजना सम्बन्धी सम्पूर्ण विवरण टोल विकास संस्था तथा सम्बन्धित सिलीचोङ गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

(३) आयोजना सम्पन्न भई आवश्यक प्रक्रिया पूरा भएपछि सम्बन्धित आयोजनाको निर्माण समिति स्वतः विघटन भएको मानिनेछ ।

---

## दफा २५. निर्माण समितिको काम, कर्तव्य र अधिकार

निर्माण समितिले–

(क) सम्झौता बमोजिम आयोजनाको निर्माण कार्य सञ्चालन गर्ने ।

(ख) स्वीकृत लागत अनुमान, डिजाइन, ड्रइङ तथा स्पेसिफिकेसन बमोजिम काम गर्ने ।

(ग) आयोजनामा आवश्यक जनसहभागिता तथा लागत सहभागिता परिचालन गर्ने।

(घ) निर्माण समितिका सदस्यहरूको कामको विभाजन तथा जिम्मेवारी बाँडफाँड गर्ने।

(ङ) निर्माण समितिका सदस्यहरूको क्षमता विकासमा सहयोग गर्ने।

(च) निर्माण सामग्रीको गुणस्तर कायम गर्ने।

(छ) निर्माण कार्यको परिमाण, गुणस्तर, समय तथा लागत कायम गर्ने।

(ज) निर्माण कार्यमा आवश्यक श्रम, सामग्री तथा स्थानीय स्रोत परिचालन गर्ने।

(झ) सम्बन्धित प्राविधिकबाट प्राप्त निर्देशन तथा सल्लाहको पालना गर्ने।

(ञ) सम्झौता बमोजिमको कामको परिमाण, गुणस्तर, समय वा लागतमा परिवर्तन आवश्यक देखिएमा टोल विकास संस्था मार्फत सिलीचोङ गाउँपालिकासमक्ष अनुरोध गर्ने।

(ट) आयोजनाको दिगो व्यवस्थापन तथा संरक्षणका लागि आवश्यक कार्य गर्ने।

(ठ) आयोजनाको आय–व्ययको पारदर्शी हिसाब राख्ने।

(ड) आयोजना सम्पन्न भएपछि सार्वजनिक परीक्षण तथा सार्वजनिक जानकारी गराउने।

(ढ) आयोजना सम्पन्न भएपछि निर्माण भएको संरचनाको संरक्षण, सञ्चालन तथा मर्मत सम्भारको व्यवस्था गर्न सहयोग गर्ने।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

## दफा २६. निर्माण समितिका पदाधिकारीको जिम्मेवारी

*(१) अध्यक्ष*

(क) निर्माण समितिको नेतृत्व गर्ने ।

(ख) बैठक बोलाउने तथा अध्यक्षता गर्ने ।

(ग) आयोजना सञ्चालनका लागि सम्बन्धित वडा कार्यालय, सिलीचोङ गाउँपालिका तथा प्राविधिकसँग समन्वय गर्ने ।

(घ) निर्माण कार्यको प्रगति तथा समस्याबारे समितिलाई जानकारी गराउने ।

(ङ) निर्माण समितिका निर्णय कार्यान्वयन गराउने ।

*(२) सचिव*

(क) बैठकको सूचना तथा कार्यसूची तयार गर्ने ।

(ख) बैठकको माइन्युट तयार गर्ने ।

(ग) आयोजना सम्बन्धी अभिलेख तथा कागजात सुरक्षित राख्ने ।

(घ) प्रगति विवरण तयार गर्न सहयोग गर्ने ।

*(३) कोषाध्यक्ष*

(क) आयोजनाको आय–व्ययको हिसाब राख्ने ।

(ख) बिल तथा भरपाई सुरक्षित राख्ने ।

(ग) बैंक तथा वित्तीय कारोबारको अभिलेख राख्ने ।

(घ) आर्थिक विवरण तयार गर्ने ।

(ङ) आयोजना सम्पन्न भएपछि आर्थिक विवरण पेश गर्ने ।

*(४) सदस्य*

(क) बैठकमा नियमित सहभागी हुने ।

(ख) निर्माण कार्यमा आवश्यक सहयोग गर्ने ।



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(ग) निर्माण कार्यको गुणस्तर तथा प्रगतिको अनुगमनमा सहयोग गर्ने ।

(घ) आफूलाई दिइएको जिम्मेवारी पूरा गर्ने ।

## दफा २७. निर्माण समितिको बैठक

(१) निर्माण समितिको बैठक आवश्यकतानुसार अध्यक्षले बोलाउनेछ ।

(२) अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले बैठक सञ्चालन गर्न सक्नेछ ।

(३) समितिका कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) निर्णय उपस्थित सदस्यको बहुमतबाट गरिनेछ ।

(५) मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिको मत निर्णायक हुनेछ ।

(६) प्रत्येक बैठकको निर्णय माइन्युटमा उल्लेख गरी उपस्थित सदस्यबाट हस्ताक्षर गराउनुपर्नेछ ।

## दफा २८. निर्माण कार्यको गुणस्तर

(१) टोल विकास संस्थाबाट सञ्चालन हुने आयोजनाको गुणस्तर सुनिश्चित गर्नु टोल विकास संस्था तथा सम्बन्धित निर्माण समितिको कर्तव्य हुनेछ ।

(२) निर्माण सामग्री ड्रइङ, डिजाइन तथा स्पेसिफिकेसन बमोजिमको गुणस्तरको हुनुपर्नेछ ।

(३) निर्माण विधि तथा प्रक्रिया सिलीचोङ गाउँपालिकासँग भएको सम्झौताबमोजिम हुनुपर्नेछ ।

(४) निर्माण कार्य सम्बन्धित प्राविधिकको निर्देशन तथा प्रचलित मापदण्ड बमोजिम गर्नुपर्नेछ ।

(५) निर्माण कार्यको दिगोपनाका लागि निर्माण समितिले आवश्यक व्यवस्था गर्नुपर्नेछ ।

सिलीचोङ गाउँपालिकाको ऐनले निर्माण सामग्रीको गुणस्तर ड्रइङ, डिजाइन तथा स्पेसिफिकेसनबमोजिम र निर्माण विधि तथा प्रक्रिया सम्झौताबमोजिम हुनुपर्ने व्यवस्था गरेको छ ।

## दफा २९. निर्माण समितिको आर्थिक व्यवस्था

(१) आयोजनाका लागि प्राप्त रकम स्वीकृत लागत अनुमान तथा सम्झौता बमोजिम मात्र खर्च गर्नुपर्नेछ ।

(२) प्रत्येक खर्चको बिल, भरपाई तथा आवश्यक प्रमाण सुरक्षित राख्नुपर्नेछ ।

(३) आयोजनाको आय–व्ययको छुट्टै विवरण राख्नुपर्नेछ ।

(४) आयोजनाको रकम कुनै पदाधिकारी वा सदस्यको व्यक्तिगत प्रयोजनमा प्रयोग गर्न पाइने छैन ।

(५) आयोजना सम्पन्न भएपछि निर्माण समितिले सम्पूर्ण आर्थिक विवरण टोल विकास संस्था तथा सम्बन्धित सिलीचोङ गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

## दफा ३०. निर्माण समितिको अनुगमन

(१) टोल विकास संस्थाले निर्माण समितिमार्फत सञ्चालन भइरहेको आयोजनाको नियमित अनुगमन गर्नेछ ।

(२) अनुगमन गर्दा कामको गुणस्तर, लागत, समय, जनसहभागिता तथा सम्झौताको पालना भए नभएको हेर्नुपर्नेछ ।

(३) कमजोरी देखिएमा टोल विकास संस्थाले निर्माण समितिलाई आवश्यक सुधारका लागि निर्देशन दिन सक्नेछ ।

(४) गम्भीर आर्थिक वा प्राविधिक अनियमितता देखिएमा टोल विकास संस्थाले सम्बन्धित वडा कार्यालय तथा सिलीचोङ गाउँपालिका योजना शाखालाई लिखित जानकारी गराउनुपर्नेछ ।

## दफा ३१. आयोजना सम्पन्न तथा हस्तान्तरण

(१) निर्माण समिति आयोजना सम्पन्न भएपछि भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन तयार गर्नुपर्नेछ ।

(२) प्रतिवेदनमा स्वीकृत लागत, सम्झौता रकम, वास्तविक खर्च, जनसहभागिता, सम्पन्न कामको विवरण तथा अन्य आवश्यक विवरण समावेश गर्नुपर्नेछ ।

(३) आयोजना सम्पन्न भएपछि सार्वजनिक परीक्षण गर्नुपर्नेछ ।

(४) आयोजना सम्पन्न भएपछि निर्माण भएको संरचना सम्बन्धित निकाय वा टोल विकास संस्थालाई हस्तान्तरण गरी संरक्षण, सञ्चालन तथा मर्मतसम्भारको व्यवस्था गर्नुपर्नेछ ।

(५) आयोजना सम्पन्न भई आवश्यक फरफारक तथा हस्तान्तरण प्रक्रिया पूरा भएपछि निर्माण समितिको कार्य समाप्त हुनेछ ।

# परिच्छेद–९

# आर्थिक व्यवस्था

## दफा ३२. संस्थाको कोष

(१) संस्थाको छुट्टै कोष हुनेछ ।

(२) कोषमा देहायका रकम रहनेछन्–



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(क) सदस्यता तथा नवीकरण शुल्क,
(ख) सिलीचोङ गाउँपालिकाबाट प्राप्त अनुदान तथा सहयोग,
(ग) वडा कार्यालयबाट प्राप्त सहयोग,
(घ) प्रदेश तथा संघीय सरकारबाट प्राप्त सहयोग,
(ङ) सरकारी तथा गैरसरकारी निकायबाट प्रचलित कानूनबमोजिम प्राप्त रकम,
(च) संस्थाका वैधानिक कार्यक्रमबाट प्राप्त रकम,
(छ) अन्य वैधानिक स्रोतबाट प्राप्त रकम।

(३) संस्थाको कोष संस्थाको उद्देश्य पूरा गर्न मात्र प्रयोग हुनेछ।

## दफा ३३. बैंक खाता सञ्चालन

(१) संस्थाको बैंक खाता सञ्चालन गरिनेछ।

(२) बैंक खाता अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुने, समितिको निर्णयमा भुक्तानि प्रकृया सहज बनाउन ३ जना मध्यबाट २ जनाको चेकको हस्ताक्षरबाट सन्चालन गर्न सकिने।

(३) बैंक कारोबार सकेसम्म चेक वा विद्युतीय माध्यमबाट गर्नुपर्नेछ।

(४) संस्थाको रकम व्यक्तिगत प्रयोजनमा प्रयोग गर्न पाइने छैन।

## दफा ३४. संस्थाको खर्च

(१) कुनै निकायबाट सम्झौता बमोजिम प्राप्त रकम सम्झौतामा उल्लिखित शर्तबमोजिम तोकिएको काममा मात्र खर्च गर्नुपर्नेछ।

(२) संस्थाको नियमित सञ्चालन तथा कार्यालय व्यवस्थापन सम्बन्धी खर्च कार्यसमितिको निर्णय बमोजिम हुनेछ।

**दफा ३५. लेखा, लेखापरीक्षण तथा प्रतिवेदन**

(१) संस्थाले आम्दानी, खर्च, बैंक कारोबार तथा जिन्सीको व्यवस्थित अभिलेख राख्नुपर्नेछ ।

(२) प्रत्येक आर्थिक वर्षको अन्त्यमा प्रचलित कानूनबमोजिम लेखापरीक्षण वा सार्वजनिक परीक्षण गराउनुपर्नेछ ।

(३) लेखापरीक्षण वा सार्वजनिक परीक्षण प्रतिवेदन साधारण सभामा पेश गर्नुपर्नेछ ।

(४) आवश्यक आर्थिक तथा प्रगति प्रतिवेदन सिलीचोङ गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

## परिच्छेद–१०
## संस्था दर्ता तथा नवीकरण

**दफा ३६. संस्था दर्ता**

(१) यस विधान  बमोजिम गठन भएको टोल विकास संस्था सिलीचोङ गाउँपालिकामा दर्ता गर्नुपर्नेछ ।

(२) संस्था दर्ताका लागि देहायका कागजात पेश गर्नुपर्नेछ–

(क) आम भेलाको निर्णयको प्रतिलिपि,

(ख) सम्बन्धित वडा कार्यालयको सिफारिस   अनुसूची - ५ बमोजिम,

(ग) कार्यसमितिका पदाधिकारीहरूको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि,

(घ) संस्थाको विधान,

(ङ) संस्थाको नाम,

(च) संस्थाको उद्देश्य,

(छ) कार्यसमितिका सदस्यहरूको विवरण,

(ज) चार किल्लाको विवरण,

(झ) सिलीचोङ गाउँपालिकाले तोकेका अन्य आवश्यक कागजात।

---

**दफा ३७. संस्था नवीकरण**

(१) आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र संस्थाले सिलीचोङ गाउँपालिकामा नवीकरणका लागि निवेदन दिनुपर्नेछ।

(२) नवीकरणका लागि देहायका कागजात पेश गर्नुपर्नेछ–

(क) लेखापरीक्षण वा सार्वजनिक परीक्षण प्रतिवेदन,

(ख) सम्बन्धित वडा कार्यालयको सिफारिस,

(ग) संस्था दर्ताको सक्कल प्रमाणपत्र,

(घ) कार्यसमितिको निर्णयको प्रतिलिपि,

(ङ) सिलीचोङ गाउँपालिकाले माग गरेका अन्य आवश्यक कागजात।

---

## परिच्छेद–११

## पारदर्शिता तथा अनुगमन

**दफा ३८. पारदर्शिता**

(१) संस्थाको आय–व्यय, योजना तथा कार्यक्रम पारदर्शी हुनुपर्नेछ।

(२) सदस्य तथा टोलवासीले संस्थाको आर्थिक तथा कार्यक्रमगत विवरणबारे जानकारी माग गर्न सक्नेछन्।

(३) संस्थाले आवश्यकतानुसार सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ वा सामाजिक परीक्षण गर्न सक्नेछ।

---

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

## दफा ३९. अनुगमन

(१) संस्थाले आफ्ना योजना तथा कार्यक्रमको नियमित अनुगमन गर्नेछ।

(२) आवश्यकतानुसार सिलीचोङ गाउँपालिकाका सम्बन्धित वडा टोल विकास संस्था समन्वय समिति/सिलीचोङ गाउँपालिका टोल विकास संस्था समन्वय शाखा लाई अनुरोध गर्न सकिनेछ।

(३) अनुगमनबाट देखिएका कमजोरी सुधार गर्नु संस्थाको दायित्व हुनेछ।

# परिच्छेद–१२

# समन्वय तथा निर्देशन

## दफा ४०. सिलीचोङ गाउँपालिकासँग समन्वय

(१) संस्थाले आफ्ना योजना तथा कार्यक्रम सिलीचोङ गाउँपालिका तथा सम्बन्धित वडा कार्यालयसँग समन्वय गरी सञ्चालन गर्नेछ।

(२) सिलीचोङ गाउँपालिकाबाट प्राप्त निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ।

(३) संस्थाले आवश्यक विषयमा सम्बन्धित वडा टोल विकास संस्था समन्वय समिति/सिलीचोङ गाउँपालिका टोल विकास संस्था समन्वय शाखा मार्फत सिलीचोङ गाउँपालिकासमक्ष माग, सुझाव तथा सिफारिस पेश गर्न सक्नेछ।

(४) संघीय वा प्रदेश सरकारबाट संस्थालाई प्राप्त निर्देशनको समेत पालना गर्नुपर्नेछ।

# परिच्छेद–१३

## पद रिक्त, अनुशासन तथा आचारसंहिता

### दफा ४१. पद रिक्त हुने अवस्था

देहायका अवस्थामा पदाधिकारीको पद रिक्त हुनेछ–

(क) लिखित राजीनामा दिएमा,

(ख) मृत्यु भएमा,

(ग) सदस्यता समाप्त भएमा,

(घ) कार्यकाल समाप्त भएमा,

(ङ) साधारण सभाले विधानबमोजिम पदमुक्त गरेमा।

---

### दफा ४२. पदाधिकारी हटाउन सकिने

(१) संस्थाको हितविपरीत कार्य गर्ने, आर्थिक अनियमितता गर्ने, संस्थाको रकम दुरुपयोग गर्ने वा जिम्मेवारी पूरा नगर्ने पदाधिकारीलाई स्पष्टीकरणको उचित अवसर दिई साधारण सभाको निर्णयबाट पदमुक्त गर्न सकिनेछ।

(२) आर्थिक अनियमितताको विषयमा आवश्यक छानबिन तथा लेखापरीक्षण गराउन सकिनेछ।

---

### दफा ४३. आचार संहिता

(१) पदाधिकारी तथा सदस्यले संस्थाको हितलाई प्राथमिकता दिनुपर्नेछ।

(२) संस्थाको स्रोत तथा साधन व्यक्तिगत वा राजनीतिक प्रयोजनमा प्रयोग गर्न पाइने छैन।

(३) जात, धर्म, लिङ्ग, भाषा, वर्ग, क्षेत्र वा अन्य कुनै आधारमा विभेद गर्न पाइने छैन।

(४) संस्थाको निर्णय तथा आर्थिक कारोबारमा पारदर्शिता कायम गर्नुपर्नेछ ।

## परिच्छेद–१४
## विधान संशोधन, विघटन तथा विविध

### दफा ४४. विधान संशोधन

(१) संस्थाको आवश्यकता अनुसार विधान संशोधन गर्न सकिनेछ ।
(२) विधान संशोधनको प्रस्ताव कार्यसमितिले साधारण सभामा पेश गर्नेछ ।
(३) साधारण सभाबाट पारित भएको संशोधन सिलीचोङ गाउँपालिकाबाट स्वीकृत भएपछि लागू हुनेछ ।

### दफा ४५. संस्था विघटन

(१) संस्था सञ्चालन गर्न असम्भव भएमा वा संस्थाको उद्देश्य पूरा भई संस्था कायम राख्न आवश्यक नदेखिएमा साधारण सभाको निर्णयबाट संस्था विघटन गर्न सकिनेछ ।
(२) संस्था विघटन गर्दा संस्थाको सम्पत्ति तथा दायित्व प्रचलित कानून तथा सिलीचोङ गाउँपालिकाको निर्णयबमोजिम व्यवस्थापन गरिनेछ ।
(३) संस्थाको सम्पत्ति  पदाधिकारी वा सदस्यबीच व्यक्तिगत रूपमा बाँडफाँट गर्न पाइने छैन ।

### दफा ४६. अभिलेख व्यवस्थापन

संस्थाले देहायका अभिलेख सुरक्षित राख्नुपर्नेछ–
(क) सदस्यता दर्ता किताब,
(ख) साधारण सभा तथा कार्यसमितिको माइन्युट,



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(ग) आय–व्यय विवरण,

(घ) बैंक कारोबार विवरण,

(ङ) जिन्सी अभिलेख,

(च) योजना तथा कार्यक्रमसम्बन्धी कागजात,

(छ) लेखापरीक्षण तथा सार्वजनिक परीक्षण प्रतिवेदन,

(ज) संस्था दर्ता तथा नवीकरणसम्बन्धी कागजात,

(झ) निर्माण समिति तथा आयोजना सम्बन्धी कागजात,

(ञ) अन्य आवश्यक अभिलेख।

---

## दफा ४७. अधिकार प्रत्यायोजन

अध्यक्षले आवश्यकता अनुसार आफ्नो केही अधिकार उपाध्यक्ष, सचिव, कोषाध्यक्ष वा अन्य सदस्यलाई लिखित निर्णयबाट प्रत्यायोजन गर्न सक्नेछ। तर प्रत्यायोजित अधिकार प्रयोग गर्दा प्रचलित कानून तथा यस विधानको उल्लङ्घन गर्न पाइने छैन।

---

## दफा ४८. बाधा अड्काउ फुकाउने

यस विधानको कार्यान्वयनमा कुनै व्यावहारिक बाधा उत्पन्न भएमा कार्यसमितिले आवश्यक निर्णय गरी साधारण सभाबाट अनुमोदन गराउन सक्नेछ। प्रचलित कानूनसँग बाझिने कुनै व्यवस्था स्वतः अमान्य हुनेछ।

---

## दफा ४९. प्रचलित कानून लागू हुने

यस विधानमा उल्लेख नभएका विषयमा नेपालको संविधान, प्रचलित संघीय तथा प्रदेश कानून तथा **सिलीचोङ गाउँपालिकाका प्रचलित ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड तथा निर्णय** लागू हुनेछन्।

## दफा ५०. बचाउ

यो विधान लागू हुनुअघि प्रचलित कानूनबमोजिम भए गरेका काम कारबाही यस विधानसँग नबाझिएसम्म यसै विधानबमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची–१

## टोल विकास संस्थाको चार किल्ला विवरण

**संस्थाको नाम :** ........................................................ टोल विकास संस्था

**ठेगाना :** सिलीचोङ गाउँपालिका–वडा नं. ........, संखुवासभा

पूर्व : ...................................................................

पश्चिम : ..............................................................

उत्तर : ..................................................................

दक्षिण : ..................................................................

## अनुसूची–२

## टोल विकास संस्थाको कार्यसमिति विवरण

| क्र.सं. | पद | नाम, थर | ठेगाना | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|---|
| १ | अध्यक्ष | | | | |
| २ | उपाध्यक्ष | | | | |
| ३ | सचिव | | | | |
| ४ | सह-सचिव | | | | |
| ५ | कोषाध्यक्ष | | | | |
| ६ | सदस्य | | | | |



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

| क्र.सं. | पद | नाम, थर | ठेगाना | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|---|

## अनुसूची–३

## टोल विकास संस्थाका सदस्यहरूको विवरण

| क्र.सं. | सदस्यको नाम, थर | घरधुरी नं. | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ... | | | | |

## अनुसूची–४

## निर्माण समिति गठनसम्बन्धी आम भेलाको निर्णय

आज मिति .................... गते सिलीचोङ गाउँपालिका वडा नं. ........ स्थित ........................................ टोलमा सञ्चालन हुने ........................................ आयोजना/कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित उपभोक्ताहरूको आम भेला बसी देहायबमोजिम निर्माण समिति गठन गर्ने निर्णय गरियो ।

निर्माण समितिको विवरण

| क्र.सं. | पद | नाम, थर | ठेगाना | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|---|
| १ | अध्यक्ष | | | | |

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

| क्र.सं. | पद | नाम, थर | ठेगाना | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|---|
| २ | सचिव | | | | |
| ३ | कोषाध्यक्ष | | | | |
| ४ | सदस्य | | | | |
| ५ | सदस्य | | | | |
| ६ | सदस्य | | | | |
| ७ | सदस्य | | | | |

**आयोजनाको नाम :** ..........................................................

**आयोजनाको स्थान :** सिलीचोङ गाउँपालिका वडा नं. ........

**स्वीकृत लागत :** रु. ..........................................................

**जनसहभागिता/लागत सहभागिता :** रु. ....................................

**आम भेलामा उपस्थित घरधुरी संख्या :** ....................................

**निर्णय :** माथि उल्लेखित निर्माण समिति सिलीचोङ गाउँपालिकाको प्रचलित कानून, सम्झौता तथा यस विधानबमोजिम आयोजना कार्यान्वयन गर्न गठन गरिएको हो।

भेला अध्यक्षको नाम : ..........................................................

दस्तखत : ..........................................................................

मिति : ................................................................................

---

## अनुसूची–५

## वडा कार्यालयको सिफारिस

यस सिलीचोङ गाउँपालिका वडा नं. ........ अन्तर्गत

रहेको ...................................... टोलमा गठन

भएको **........................................ टोल विकास संस्था**को कार्यक्षेत्र अनुसूची–१ मा उल्लेखित चार किल्लाभित्र रहेको तथा संस्था गठन सम्बन्धी आवश्यक प्रक्रिया पूरा भएको देखिएको हुँदा प्रचलित कानूनबमोजिम संस्था दर्ताका लागि सिफारिस गरिएको छ ।

**वडा अध्यक्षको नाम :** .......................................................

**दस्तखत :** ..........................................................................

**वडा नं. :** ..........................................................................

**मिति :** ...................................................................................

**कार्यालयको छाप :**

---

## अनुसूची–६

## टोल विकास संस्था गठनसम्बन्धी आम भेलाको निर्णय

आज मिति ................... गते सिलीचोङ गाउँपालिका वडा नं. ........ स्थित ....................................... टोलमा रहेका सम्पूर्ण घरधुरीका प्रतिनिधिहरूको आम भेला बसी टोलको सामाजिक, आर्थिक, भौतिक तथा वातावरणीय विकासका लागि **"........................................ टोल विकास संस्था"** गठन गर्ने निर्णय गरियो ।

भेलाले **सिलीचोङ गाउँपालिका टोल विकास संस्था विधान, २०८३** स्वीकृत गरी देहायको कार्यसमिति गठन गर्ने निर्णय गरियो ।

**अध्यक्ष :** ..........................................................

**उपाध्यक्ष :** .......................................................

**सचिव :** ..............................................................

**सह सचिव :** ..........................................................

**कोषाध्यक्ष :** .......................................................

**सदस्य :** ...............................................................

**सदस्य :** ...............................................................

**सदस्य :** ...............................................................

## अनुसूची–७
## प्रमाणित गर्ने

यो **"सिलीचोङ गाउँपालिका टोल विकास संस्था विधान, २०८३"** मिति .................... गते बसेको ...................................... टोल विकास संस्थाको आम भेलाबाट छलफल गरी पारित गरिएको प्रमाणित गरिन्छ ।

अध्यक्ष

नाम : ...................................................................

दस्तखत : ..........................................................

सचिव

नाम : ...................................................................

दस्तखत : ..........................................................

मिति : ..................................................................

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

# अनुसूची - ८

## योजना सञ्चालनका लागि

## टोल विकास संस्था र निर्माण समिति विच सम्झौता–पत्र

**सम्झौता नं.:** .........................
**आर्थिक वर्षः** ..............
**मितिः** ..................

आज मिति ...................... गतेका दिन सिलीचोङ गाउँपालिका वडा नं. .... मा सञ्चालन हुने देहायको योजना कार्यान्वयन गर्न **श्री ........................................ टोल विकास संस्था** र सो संस्थाको समन्वयमा गठन भएको **श्री ........................................ निर्माण समिति** बीच देहायका शर्तहरू पालना गर्ने गरी यो सम्झौता–पत्रमा हस्ताक्षर गरी एक/एक प्रति लियौं/दियौं।

१सम्झौताका पक्ष .

पहिलो पक्ष

**श्री ........................................................ टोल विकास संस्था**
ठेगानाः सिलीचोङ गाउँपालिका वडा नं. ......., संखुवासभा ।
प्रतिनिधिः श्री ........................................................
पदः अध्यक्ष

दोस्रो पक्ष

**श्री ........................................................... निर्माण समिति**

ठेगानाः सिलीचोङ गाउँपालिका वडा नं. ......., सङ्खुवासभा

प्रतिनिधिः श्री .........................................................

पदः अध्यक्ष

---

२योजनाको विवरण .

| **क्र.सं.** | **विवरण** | **व्यहोरा** |
|---|---|---|
| १ | योजनाको नाम | ................................................ |
| २ | योजना सञ्चालन हुने स्थान | सिलीचोङ गाउँपालिका वडा नं . .... |
| ३ | योजना सञ्चालन गर्ने टोल विकास संस्था | ................................................ |
| ४ | निर्माण समितिको नाम | ................................................ |
| ५ | स्वीकृत लागत अनुमान | रु................................ . |
| ६ | टोल विकास संस्थाउपभोक्ता लागत / सहभागिता | रु................................ . |
| ७ | गाउँपालिकाबाट प्राप्त हुने रकम | रु................................ . |

| क्र.सं. | विवरण | व्यहोरा |
|---|---|---|
| ८ | अन्य स्रोत | रु................................ . |
| ९ | कुल लागत | रु................................ . |
| १० | योजना सुरु हुने मिति | ................................ |
| ११ | योजना सम्पन्न हुने मिति | ................................ |

३सम्झौताको उद्देश्य .

- स्वीकृत लागत अनुमान, डिजाइन, ड्रइङ, स्पेसिफिकेशन तथा प्राविधिक मापदण्डअनुसार तोकिएको समयभित्र योजना सम्पन्न गरी सम्बन्धित टोल तथा लाभग्राही समुदायलाई दिगो र गुणस्तरीय पूर्वाधार उपलब्ध गराउनु यस सम्झौताको मुख्य उद्देश्य हुनेछ।

४पहिलो पक्षको जिम्मेवारी .

टोल विकास संस्थाले देहायका कार्य गर्नुपर्नेछः

१. निर्माण समितिलाई योजनाको कार्यान्वयनका लागि आवश्यक समन्वय तथा सहजीकरण गर्ने ।

२. निर्माण समितिका सदस्यहरूको काम तथा जिम्मेवारी बाँडफाँड गर्न सहयोग गर्ने ।

३. निर्माण समितिका सदस्यहरूको क्षमता विकास तथा आवश्यक अभिमुखीकरणमा सहयोग गर्ने ।

४. योजना सम्झौता बमोजिम कामको परिमाण, गुणस्तर, समय तथा लागतमा परिवर्तन गर्नुपर्ने देखिएमा निर्माण समितिको निर्णयका आधारमा गाउँपालिकाको कार्यालयमा अनुरोध गर्ने ।
५. योजनाको नियमित अनुगमन तथा समन्वय गर्ने ।
६. योजना सम्पन्न भएपछि यसको दिगो व्यवस्थापन तथा मर्मतसम्भारका लागि आवश्यक व्यवस्था मिलाउने ।

५दोस्रो पक्ष निर्माण समितिको जिम्मेवारी .

निर्माण समितिले देहायका कार्य गर्नुपर्नेछः
१. सम्झौतामा उल्लेखित योजना स्वीकृत लागत अनुमान तथा प्राविधिक डिजाइनअनुसार सञ्चालन गर्ने।
२. स्वीकृत डिजाइन, ड्रइङ, स्पेसिफिकेशन तथा प्राविधिक मापदण्डबमोजिम गुणस्तरीय निर्माण कार्य गर्ने।
३. योजनामा आवश्यक श्रम, जनशक्ति, निर्माण सामग्री तथा अन्य स्रोत साधनको व्यवस्था गर्ने।
४. उपभोक्ताबाट तोकिएको लागत सहभागिता वा श्रमदान सुनिश्चित गर्ने।
५. योजनाको रकम अन्य प्रयोजनमा खर्च नगर्ने।
६. योजनाको आम्दानी तथा खर्चको सम्पूर्ण विवरण पारदर्शी रूपमा राख्ने।
७. प्रत्येक खर्चको बिल, भरपाई तथा अन्य आवश्यक कागजात सुरक्षित राख्ने।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

८. प्राविधिक कर्मचारी तथा सम्बन्धित निकायबाट दिइएको निर्देशन पालना गर्ने।

९. योजनाको काम अन्य निर्माण व्यवसायी, व्यक्ति वा संस्थालाई ठेक्कामा नदिने।

१०. निर्माण कार्यमा कुनै समस्या आएमा टोल विकास संस्थामार्फत गाउँपालिकाको कार्यालयलाई जानकारी गराउने।

११. योजना सम्पन्न भएपछि अन्तिम प्रगति विवरण, खर्च विवरण तथा आवश्यक कागजात पेश गर्ने।

६लागत सहभागिता .

यस योजनाको लागत सहभागिता देहायबमोजिम हुनेछः

- **कुल योजना लागतः** रु. ............................
- **न्यूनतम ...... लागत सहभागिताः** रु. .............................
- **नगद सहभागिताः** रु. ............................
- **श्रमदानः** रु. ............................

७रकम भुक्तानी .

- योजनाको भुक्तानी **प्राविधिक मूल्याङ्कन तथा कार्यप्रगतिको आधारमा** गरिनेछ ।
- टोल विकास संस्थाको नाममा रहेको बैंक खातामार्फत योजना सञ्चालन तथा भुक्तानी गर्नुपर्ने ।

- अन्तिम भुक्तानीका लागि योजना सम्पन्न भएको प्राविधिक मूल्याङ्कन, कार्यसम्पन्न प्रतिवेदन तथा आवश्यक कागजात पेश गर्नुपर्नेछ ।

८प्राविधिक मापदण्ड .

- निर्माण कार्य गर्दा स्वीकृत डिजाइन, ड्रइङ, लागत अनुमान तथा स्पेसिफिकेशनमा उल्लेखित गुणस्तर कायम गर्नुपर्नेछ ।
- प्राविधिक कर्मचारीबाट निरीक्षण गर्दा गुणस्तर वा परिमाणमा कमी देखिएमा निर्माण समितिले आफ्नै जिम्मेवारीमा आवश्यक सुधार गर्नुपर्नेछ ।

९योजना अनुगमन .

- योजनाको नियमित तथा आवधिक अनुगमन तथा मूल्याङ्कन सम्बन्धित वडा, टोल विकास संस्था तथा गाउँपालिकाबाट गरिनेछ ।
- अनुगमनका क्रममा देखिएका समस्या, उपलब्धि तथा निर्माण समितिका पदाधिकारीहरूको विवरण अभिलेख गरिने व्यवस्था ऐनको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी अनुसूचीमा समेत रहेको छ।
- निर्माण समितिले अनुगमनका क्रममा दिइएको निर्देशन पालना गर्नुपर्नेछ।

१०हिसाब .–किताब तथा पारदर्शिता

- निर्माण समितिले योजनाको सम्पूर्ण आर्थिक कारोबारको अभिलेख राख्नुपर्नेछ ।

- योजनामा प्राप्त रकम, खर्च रकम, लागत सहभागिता तथा बाँकी रकमको विवरण स्पष्ट रूपमा राखी सम्बन्धित टोलवासी तथा लाभग्राहीलाई जानकारी गराउनुपर्नेछ ।
- योजना विनियोज रु ३,००,०००।— (तिन लाख) रकम भन्दा माथिको योजना सन्चालन भएमा अनिवार्य योजना सुचना पार्टिको व्यवस्था गर्नुपर्नेछ ।

११योजना सम्पन्न गर्ने अवधि .

- यस सम्झौतामा उल्लेखित योजनाको निर्माण कार्य **मिति ............... देखि सुरु गरी मिति ..................... गतेभित्र सम्पन्न** गर्नुपर्नेछ।
- विशेष परिस्थितिका कारण तोकिएको समयमा काम सम्पन्न गर्न नसकिने भएमा कारणसहित सम्पन्न अन्तिम मितिको ७ दिन अगावै टोल विकास संस्था मार्फत वडा कार्यालयको सिफारीस सहित सिलीचोङ गाउँपालिका गाउँकार्यपालिका कार्यालयमा  समय थपका लागि अनुरोध गर्नुपर्नेछ ।

१२सम्झौता उल्लङ्घन .

- निर्माण समितिले सम्झौताका शर्त उल्लङ्घन गरेमा, योजनाको रकम दुरुपयोग गरेमा, गुणस्तरहीन काम गरेमा वा योजना अलपत्र छाडेमा प्रचलित कानूनबमोजिम आवश्यक कारबाही तथा रकम असुलउपर गर्न सकिनेछ ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

१३विवाद समाधान .

- सम्झौता कार्यान्वयनका क्रममा कुनै विवाद उत्पन्न भएमा पहिलो चरणमा **टोल विकास संस्था र निर्माण समितिबीच आपसी छलफलबाट** समाधान गर्ने प्रयास गरिनेछ।
- त्यसबाट समाधान हुन नसकेमा सम्बन्धित वडा कार्यालय तथा सिलीचोङ गाउँपालिकाको कार्यालयमा जानकारी गराई प्रचलित कानूनबमोजिम समाधान गरिनेछ।

१४योजना सम्पन्न तथा हस्तान्तरण .

- योजना सम्पन्न भएपछि सम्बन्धित प्राविधिकबाट अन्तिम मूल्याङ्कन गराई आवश्यक कागजात तयार   गरिनेछ ।
- योजना सम्पन्न भएको अवस्थामा टोल विकास संस्था तथा लाभग्राही समुदायले योजनाको **सञ्चालन, संरक्षण तथा मर्मतसम्भार** गर्ने व्यवस्था मिलाउनेछ ।
- योजना सम्पन्न भए पश्चात टोल विकास संस्था र पालिका विच योजना हस्तान्तरण फारममा सम्झौता भई योजना हस्तारण गर्नेछ ।

१५लागू हुने कानून .

यस सम्झौतामा उल्लेख नभएका विषयहरूमा **सिलीचोङ गाउँपालिकाको पूर्वाधार विकास (योजना सञ्चालन तथा व्यवस्थापन) ऐन, २०८३ तथा प्रचलित नेपाल कानून** बमोजिम हुनेछ ।

१६सम्झौताको अन्तिम घोषणा .

माथि उल्लिखित सम्पूर्ण शर्तहरू हामी दुवै पक्षले पढी, बुझी, मञ्जुर गरी योजना निर्धारित लागत, गुणस्तर र समयभित्र सम्पन्न गर्ने प्रतिबद्धता सहित यो सम्झौता–पत्रमा हस्ताक्षर गरेका छौं।

पहिलो पक्ष

टोल विकास संस्थाको तर्फबाट

नामः ............................................................

पदः **अध्यक्ष**

हस्ताक्षरः ....................................................

मितिः ............................................................

**संस्थाको छापः**

दोस्रो पक्ष

निर्माण समितिको तर्फबाट

नामः ............................................................

पदः **अध्यक्ष**

हस्ताक्षरः ....................................................

मितिः ............................................................

नामः ............................................................

पदः **सचिव**

हस्ताक्षरः ....................................................

नामः .........................................................

पदः **कोषाध्यक्ष**

हस्ताक्षरः ................................................

मिति ............................................ :

**<u>आज्ञाले</u>**

प्रविण राई
प्रमुख प्रशासकीय अधिकृत
सिलीचोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र